# कार्यपालिका बैठकको निर्णय
## (२०७९ माघ १२ गते )

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

विषयसूची :

१. समीक्षा सम्वन्धमा ।
२. नगरसभा संचालन सम्वन्धमा ।
३. विधेयक, कार्यविधि सम्वन्धमा :
४.समपूरक वजेट विनियोजन सम्वन्धमा ।
५. योजना संशोधन सम्वन्धमा ।
६. लगानी सम्मेलनका लागि व्यवस्थापन समिति गठन सम्वन्धमा ।
७. वातावरण मैत्री घोषणाका लागि वडा छनौट सम्वन्धमा ।
८. अन्न भण्डारण गृह निर्माण सम्वन्धमा
९. सवारी साधन खरिद सम्वन्धमा ।
१०. हाईमास्ट लाइट जडान तथा स्थान तोक्ने सम्वन्धमा ।
११.सुरक्षा निकायका लागि ईन्धन व्यवस्थापन सम्वन्धमा ।
१२. चालु आ.व २०७९/०८० को नविकरणीय उर्जा जडान सम्वन्धमा ।
१३. सूचना अधिकारी तोक्ने सम्वन्धमा ।
१४.वाल कल्याण अधिकारी तोक्ने सम्वन्धमा ।
१५.वालवालिका सम्वन्धी दूरदृष्टि (Vision) सम्वन्धमा ।
१६.चालु आ.व. ०७९/०८० का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनौट सम्वन्धमा ।
१७. चालु आ.व. ०७९/०८० का लागि बेरोजगारको सूची स्वीकृत सम्वन्धमा ।
१८.फोहोर व्यवस्थापन सम्वन्धमा ।
१९.प्रदेश सरकार अन्तर्गत आ.व २०७९/०८० का लागि टीकापुर क्षेत्रका योजना कार्यान्वयनको स्थान छनौट सम्वन्धमा ।
२०.आ.व. ०७८/०७९ मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंनको (LISA)नतिजा सम्वन्धमा ।
२१. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पून : एकीकरण कार्यक्रम संचालन व्यवस्थापन सम्वन्धमा ।
२२. राजश्व व्यवस्थापन सम्वन्धमा ।
क) पशु हाट वजार सम्वन्धमा ।
ख) कृषि हाट वजार व्यवस्थापन सम्वन्धमा ।
ग)सपिङग कम्पलेक्सको सम्झौता नविकरण तथा वक्यौता असुली सम्वन्धमा,
घ) सनकट्टी घाट ठेक्काको वक्यौता असुली सम्वन्धमा,
ङ.) सनकट्टी घाट, दौलतपुर घाट तथा र्‍याफटिङग व्यवसायको ठेक्का वन्दोवस्त सम्वन्धमा,
च) कर तथा गैर कर संकलन सम्वन्धि ऐन तथा राजस्व परामर्श समिति कार्यसञ्चालन कार्यविधि निर्माण सम्वन्धमा,
छ) पुराना सपिगं कम्पलेक्स कोठाहरुको मर्मत सम्भार सम्वन्धमा,

कार्यपालिका बैठकको निर्णय २०७९-१०-१२

प्रमुख प्रशासकीय अधिकृत

२३.पार्क डि.पी. आर. अन्तर्गतका संरचना निर्माण सम्बन्धमा
२४. निशुल्क विज्ञताको रोष्टर तयार गर्ने ।
२५.संगठन व्यवस्थापन सर्भेक्षण सम्बन्धमा ।
२६.फोहर व्यवस्थापन सम्बन्धमा

**निर्णय :-**

**निर्णय नं. १ :** हाल सम्म भएका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा जानकारी आदान प्रदान गरियो साथै निर्णय कार्यान्वयनमा समस्या देखिएका विषयहरुमा स्पष्टता कायम गरी अगाडि बढ्ने ।

**निर्णय नं २ :-** यस नगरपालिकाको बाह्रौ नगर सभा अधिवेशनको मिति २०७९ माघ २१ गते तय गरियो ।

**निर्णय नं. ३ :-** क) यस नगरपालिकाको नगर प्रहरी व्यवस्थापन विधेयक आगामी नगर सभा समक्ष पेश गर्ने ।

ख) यस नगरपालिकाको श्रम सहकारी कार्यविधि स्वीकृत गरियो ।

**निर्णय नं.४ :-**.चालु आ.व ०७९/८० का लागि स्वीकृत समपूरक अनुदान शिर्षक अर्न्तगतको रकम देहाय बमोजिम विनियोजन गर्ने ।

**तपसिल :**

**समपुरक कार्यक्रम अन्तर्गतका योजनाहरुको बजेट विनियोजन सम्बन्धी विवरण**

| क्र.स. | योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | तराई मधेश समृद्दी कार्यक्रम वडा नं. १ | २२०००००.०० |
| २ | सडक बोर्ड नेपाल कार्यक्रम ३ वटा योजना | ६५०००००.०० |
| ३ | नवप्रवर्द्धन साझेदारी कार्यक्रम | ६५०००००.०० |
| ४ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | १००००००.०० |
| ५ | केन्द्रिय समपुरक अनुदान कार्यक्रम | ८००००००.०० |
| ६ | प्रदेश समपुरक अनुदान | २५०००००.०० |
| ७ | Tikapur Storm Water Drainage म्याचिङ | ४१५०००००.०० |
| ८ | सहकर्मी समाज साझेदारी | १००००००.०० |
| ९ | क्षयरोग मुक्त नगरपालिका घोषणा कार्यक्रम साझेदारी | ८०००००.०० |
| | जम्मा | ७०००००००.०० |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५ :- चालु आ.व. २०७९/०८० का लागि स्वीकृत भई कार्यान्वयन हुन नसकेका देहाय बमोजिमका योजना तथा कार्यक्रम संशोधनका लागि वडा कार्यालय तथा विषयगत शाखाबाट सिफारिस भए बमोजिम देहाय बमोजिम संशोधनका लागि नगर सभा समक्ष पेश गर्ने ।

| क्र. सं. | नगर सभा बाट स्विकृत कार्यक्रहरू | स्विकृत वजेट रू. | संशोधित कार्यक्रमहरू | स्कित वजेट रू. | कारण |
|---|---|---|---|---|---|
| | **वडा नं. १** | | | | |
| १ | शक्तिनगर सामुदायिक भवन परिसरमा माटो पटानी | २,००,०००।- | शक्तिनगर नवदिप कृषि सहकारी भवन परिसरमा माटो पटानी | २,००,०००।- | आवश्यकताको आधारमा स्थान र नाम परिवर्तन गर्नुपर्ने भएकोले |
| | **वडा नं. २** | | | | |
| १ | सामुदायिक वनका लागी वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम । | ७०,०००।- | सामुदायिक वनका लागी वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम सम्बन्धी तालिम संचालन । | ७०,०००।- | सामुदायिक वनका लागी वन संरक्षण तथा व्यवस्थापन कार्यक्रमका चार वटा वनभएकालेव्यवस्थापन कार्यक्रम गर्न नसकिने |
| २ | विपत सम्वन्धि जनचेतना मुलक प्रचार प्रसार कार्यक्रम . | ७३,०००।- | विपत सम्वन्धि जनचेतना मुलक तालिम । | ७३,०००।- | विपत सम्वन्धि जनचेतना मुलक तालिम । |
| ३ | भानु चौराह प्रतिक्षालय नजिक कुलोमा वक्स कल्भर्ट निमार्ण र | १,५०,०००।- | १ भानु चौराहा नजिक पिपल चौतारा निमार्ण।<br>२लक्ष्मण वि.क.को घर देखि रामु चोक्सीको घर | ५०,०००।- | भानु चौराह प्रतिक्षालय नजिक कुलोमा वक्स कल्भर्ट निमार्ण रानी जमरा सिचाई |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रतिक्षालय मर्मत । | | सम्मको बाटोमा माटो पटानी | १,००,०००।- | आयोजना कार्यालयको योजनामा परेकाले |
| | | | वडा नं. ३ | | |
| १ | दलित, एकल महिला र द्वन्द पिडितहरूका लागि सीप विकास तालिम । | ४५,००० | वडा नं. ३ का महिलाहरूको लागि उनी सामाग्री (स्वीटर, टोपी, पन्जा, मोजा, गलवन्दी आदी) बनाउने तालिम । | १,३८,००० | विनियोजित बजेट अपुग भएको र उनी सामाग्रीको निर्माण सम्वन्धि माग आएकोले |
| २ | महिलाहरूका लागि अचार बनाउने तालिम । | ८४,००० | | | |
| | जम्मा रू. | १,३८,००० | | १,३८,००० | |
| | | | वडा नं. ५ | | |
| १ | झन्झटपुर स्थित मौरनिया कुलामा डुड निर्माण | १,००,००० | वडा कार्यालय परिसर भित्र साईकल स्टेन्ड निर्माण | १,५०,००० | कार्यालय भित्र सेवा ग्राहीको साईकल राख्ने व्यवस्थाका लागि अति आवश्यक रहेको |
| २ | शहरी स्वास्थ्य केन्द्र मनिकापुरमा साईकल स्ट्याण्ढ | ५०,००० | | | |
| | | | वडा नं ६ | | |
| १ | श्री जनज्योती आधारभूतमा नेट जडान | ३५,००० | जनहितमा जारी सूचना प्रकाशन / प्रशारण | ३५००० । | |
| २ | पानीमुला जाने बाटो गेट निर्माण | १,००,००० | वडा कार्यालय परिसरमा माटो पटानी | २,००,०००। | |
| ३ | बि.पी टोल ग्राभेल | १,००,००० | | | |
| | | | वडा नं. ७ | | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | 2 Level सिलाईकटाई कार्यक्रम | १,२३,००० | सिलाईकटाई सिकेका विपन्न महिलाहरूलाई सिलाईकटाई मेशिन र अन्य सामाग्री खरिद वितरण कार्यक्रम | १,२३,००० | घरेलु तथा साना उद्योग कार्यालयबाट चालु आ.व.मा उक्त कार्यक्रम यस वडा क्षेत्रमा संचालन भएको हुँदा |
| २ | भ्याक्सिनेशन खोर र पशु सेवा उपशाखा सतीलाई औषधी खरिद | ८०,०००। | पशु सेवा उपशाखा सतीलाई औषधी खरिद | ४०००० | आवश्यकताका आधारमा टुक्र्याईएको |
| | | | भ्याक्सिनेशन खोर निर्माण | ४०,००० | |
| ३ | पदमपुर सरस्वती मन्दिरलाई निरन्तरता | १,००,०००। | पदमपुर शिव मन्दिर परिसर भित्र माटो पटानी | १,००,०००। | प्राविधिक त्रुटी हुन गएको |
| | वडा नं. ८ | | | | |
| १ | विपद पुर्व तयारी तालिम तथा सामाग्री खरिद | १,०३,०००। | १.विपद सम्बन्धि जनहितमा जारी संदेश प्रकाशन तथा प्रसारण | ५३,०००/ | एकमुष्ट रहेकोमा विभाजन गरिएको |
| | | | २.विपद उद्धारको लागि सामाग्री खरिद | ५०,००० | |
| | वडा नं ९ | | | | |
| १ | भानु भक्त नि.मा.वि. खर्कोलाको अधुरो रहेको गेट निर्माण | १,५०,००० | सानो झुंगा जाने बाटोमा ग्राभेल तथा माटो पटानी | १,५०,००० | गेट निर्माण भएको र नयाँको लागि रकम अपुग हुने भएको |
| | विषयगत क्षेत्र तथा शाखा /उपशाखा/इकाई अन्तर्गत | | | | |
| १ | पार्क व्यवस्थापन, गोल घर मर्मत | १,००,००० | पार्क नर्सरी क्षेत्र भित्र रहेको घरमा खरको छाना | १,००,००० | गोल घर मर्मत भई सकेको साथै पार्क नर्सरी क्षेत्र भित्र रहेको भवन ऐतिहासिक महत्वको भवन भएको (स्व.खड्ग बहादुर सिंहको निवासको रूपमा प्रयोग भएको ) |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २आयूर्वेद औषधालयकोको पछाडि र पूर्वको भाग पी.पी.सी. ढलान | १,००,००० | आयूर्वेद औषधालयको पर्खाल मर्मत | २,००,०००। | उचाई सहित काडेतार लगाउनु पर्ने (रकम अपुग हुने भएकोले एकीकृत गरिएको) |
| ३ | आयूर्वेद औषधालयको पर्खाल मर्मत | १,००,००० | | | |
| ४ | स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन/नियमावलीको कार्यान्वयनका लागि सरोकारवालाहरू लाई अभिमुखिकरण कार्यक्रम | १,५०,०००।- | सहकारी संस्थाका सदस्य, पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास कार्यक्रम | २,५०,०००।- | यस नगरपालिकामा हाल सम्म पनि स्थानीय उद्योग दर्ता तथा नियमन सम्बन्धी कार्य शुरू नभएकोले |
| ५ | नियमन क्षेत्राधिकार भित्र रहेका उद्योगहरूको नियमन अनुगमन तथा समीक्षा बैठक सञ्चालन | १,००,०००।- | | | |
| ६ | संघ, प्रदेश, स्थानीय तह र अन्य निकाय संगको सहकार्यमा लक्षित वर्गका व्यक्तिहरूलाई व्यावसायिक सीप विकास कार्यक्रम | ८,००,०००।- | १.संघ, प्रदेश, स्थानीय तह र अन्य निकाय संगको सहकार्यमा लक्षित वर्गका व्यक्तिहरूलाई व्यावसायिक सीप विकास कार्यक्रम | ४,००,०००।- | तालिम पश्चात व्यवसाय सञ्चालनका लागि सहयोग सामाग्रीहरू वितरण गर्न बजेट अपुग हुने देखिएकोले । |
| | | | २ सरकारी कार्यालय, वडा कार्यालय तथा गै.स.सं.संगको सहकार्यमा सञ्चालित व्यावसायिक सीप विकास तालिमका सहभागीहरूलाई व्यवसाय सञ्चालनका लागि सामाग्री सहयोग | ४,००,०००।- | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६:- लगानी सम्मेलनलाई प्रभावकारी रुपमा संचालन व्यवस्थापन गर्न नगर उप प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको तयारी/व्यवस्थापन समिति गठन गर्ने ।

तपसिल :

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | नगर उप प्रमुख श्री खडक वहादुर शाह | संयोजक | |
| २ | वडा अध्यक्ष श्री मोहन वि.क. लुहार | सदस्य | |
| ३ | कार्यपालिका सदस्य श्री राम वहादुर नगार्जी | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री दिपक निशानी | सदस्य | |
| ५ | कार्यपालिका सदस्य श्री कैलास पति चौधरी | सदस्य | |
| ६ | संघसंस्था प्रतिनिधि श्री यजमान सेट्ठी | सदस्य | |
| ७ | कम्प्यूटर अप्रेटर श्री अमृता कुमारी मिश्र (रावल) | सदस्य सचिव | |

निर्णय नं. ७ :- यस नगरपालिकालाई वातावरण मैत्री नगरपालिका घोषणा गर्न क्रमश वडा तहबाट शुरुवात गर्ने र पहिलो चरणमा वातावरण मैत्री वडाको रुपमा कार्य अगाडि वढाउन वडा नं. ५ छनौट गर्ने ।

निर्णय नं. ८ :– यस नगरपालिका वडा नं. ५ कर्मीडाँडामा समुदायमा सुरक्षित अन्न भण्डारण निर्माण कार्यका लागि सामाजिक विकास तथा अनुसन्धान केन्द्र/नेपाल वाँके संग साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि नगरपालिका अन्तर्गत रहेको प्रकोप तथा विपद व्यवस्थापन कोषवाट देहाय वमोजिम रकम विनियोजन गर्ने ।

तपसिल :

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | लागत अनुमान | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | न.पा | सामाजिक विकास तथा अनुसन्धान केन्द्र/नेपाल वाँके | | |
| १ | सुरक्षित अन्न भण्डारण भवन निर्माण | १७,३६,३५०। | ८,००,००० | २५,३६,३५०। | |
| | | | | | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९ :- चालु आ.व. ०७९/८० का लागि सवारी साधन खरिद शिर्षकमा विनियोजित बजेटमा रकम थप गरी चार पांग्रे हलुका सवारी साधन, ब्याक हो लोडर र वडा अध्यक्षहरुका लागि मोटरसाईकल खरिद प्रकिया अगाडि बढाउन कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं.१० :- नगरपालिकालाई उज्यालो नगरपालिकाको रुपमा विकास गर्न चालु आ.व. ०७९/०८० मा हाईमास्ट लाइट जडान कार्यक्रम अन्तर्गत खरिद गरिएको लाईट जडानका लागि प्राथमिकताका आधारमा देहाय बमोजिमका स्थान तोक्ने ।

तपसिल :

| क्र.सं. | तोकिएको स्थान | कैफियत |
|---|---|---|
| १ | वडा नं. १ स्थित सामुदायिक एफ.एम नजिक रहेको चोक | अस्पतालको नजिक रहेको साथै विद्यार्थिको चाप रहने सडक भएको |
| २ | वडा नं. ४ स्थित अस्नेहरी चोक | लम्की खक्रौला सडक खण्ड |
| ३ | वडा नं. ६ स्थित बेलुवा चोक | |
| ४ | वडा नं. ९ स्थित हुलाकी रोड (प्रहरी बिट नजिक) | |
| ५ | वडा नं. ५ स्थित टीकापुर बृहत उद्यान (बंगला पार्क) | पर्यटकीय क्षेत्र |

निर्णय नं. ११ :- यस नगरपालिका क्षेत्र भित्र रहेका सुरक्षा निकायहबाट ईन्धन माग हुने गरेकोमा यस नगरपालिकाबाट ईन्धन उपलब्ध गराईदै आएकोमा रकम अभावका कारण ईन्धन उपलब्ध गराउने कार्य रोक्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १२ :- चालु आ.व. ०७९/०८० का लागि संघीय सरकार शशर्त अनुदान शिर्षक अन्तर्गत स्वीकृत नविकरणीय उर्जा प्रविधि जडान अन्तर्गत बिनियोजित बजेटलाई सौर्य उर्जा कार्यक्रम छनौट गर्ने र उक्त सौर्य उर्जा प्राथमिकताका आधारमा जडान गर्ने ।

निर्णय न.१३ :- सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ६ वमोजिम सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि यस नगरपालिकाको सूचना अधिकारीको जिम्मेवारी प्रशासकीय अधिकृत श्री रन्जु आचार्यलाई तोकिएकोमा निजलाई निरन्तरता दिने ।

निर्णय नं.१४ :-यस नगरपालिकाको बाल कल्याण अधिकारीको रुपमा महिला बाल बालिका तथा समाज कल्याण उप शाखा प्रमुखलाई तोक्ने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १५ :-यस नगरपालिका क्षेत्र भित्र रहेका बालबालिका सम्बन्धि दिर्घकालिन नीति तथा योजना तर्जुमा सम्बन्धी कार्य अगाडि बढी रहेको सन्दर्भमा "सुनिश्चित बाल अधिकार, समृद्ध बालमैत्री नगरको आधार" दूरदृष्टि (Vision) तय गर्ने ।

निर्णय नं. १६ :-प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तंगत आ.व.०७९/८० का लागि वडा बाट सिफारिस भई आएका तपशिल बमोजिमका आयोजना स्वीकृतका लागि नगरसभा समक्ष पेश गर्ने ।

तपसिल :

| वडा नं. | क्र. सं. | आयोजना को नाम | ठेगाना | आयोजना सञ्चालित क्षेत्र | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| १ | १ | टीकापुर नगरपालिका वडा नं १ को ब्लक नं ११,१२,१३,१४ का नालाहरु सरसफाई तथा मर्मत सम्भार गर्ने | वडा नं.१ | कृषि तथा सिचाई | ५८जना |
| | २ | टीकापुर नगरपालिका वडा नं १ ब्लक नं ९ र १० गणेश मार्ग अर्न्तगतको नालाहरु सरसफाई तथा मर्मत सम्भार | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ३ | ब्लक नं.९ गोपाल साउदको घर देखि दक्षिण हिरण्य रावलको घर हुदै नयाँ बस्ति पिपल चौतारी लम्की पुल सम्म जोड्ने पक्कि सडक को नाला सरसफाई तथा मर्मत सम्भार | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ४ | बनगाउँ कुलो सरसफाई तथा मर्मत सम्भार | वडा नं.१ | कृषि तथा सिचाई | |
| | ५ | ज्योतिनगर मोतीराम शर्माको घर देखि राणाको आरा मिल हुदै जनज्योति आधारभूत विद्यालय सम्म सडक मर्मत तथा सरसफाई | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ६ | खकौला सडक देखि पूर्व दुर्गानगर मंजु मोडेल एकाडेमी स्कूल हदै डुडेभारी पक्कि सडक सम्म बाटो मर्मत तथा सरसफाई | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ७ | ब्लक नं.१० बृजलाल अधिकारी को घर देखि पार्क गेड वडा नं.१ को सिमाना सम्म सरसफाई | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ८ | मगर टोलमा रहेको नगरविकास समितिको जग्गा छुट्याउने कार्य | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ९ | वडा नं.१को ब्लक नं.२४ र २५ मा भएको बाटो सिमांकन | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | |
| रोजगारी सृजनामा जम्मा विनियोजित रकम रु ३३,४६,६०० | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १ | विजयनगर शिविरका टोल अर्न्तगतका बाटाहरुको दायाँ बायाँ तिरका नालि सरसफाई | वडा नं.२ | सडक निर्माण तथा मर्मत सम्भार | ९ जना |
| | २ | खकौला सडक मिलन हमालको घर देखि दुझाना टोल सम्मको बाटोहरुका दायाँ बायाँ तिरका नाली सरसफाई | वडा नं.२ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ३ | रामराज खरेलको घर देखि होईजाली कार्कीको घर सम्मको बाटाहरुका दायाँ बायाँ तिरका नाली सरसफाई | वडा नं.२ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ४ | नर बहादुर चौधरीको घर देखि केशव कुवरको केराबारी सम्मको बाटाहरुका दायाँ बायाँ तिरका नाली सरसफाई | वडा नं.२ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ५ | मिलन चोक देखि विप्टान टोल हुदै करुणा ई.बो.स्कुल सम्मको बाटाहरुको दायाँ बायाँ तिरका नाली सरसफाई | वडा नं.२ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ६ | मान बहादुर साउँदको घर देखि खडक चौधरी को घर हुदै सितापुर जनजागृती मा.बि. सम्मको बाटोको दायाँ बायाँ तिरका नाली सरसफाई | वडा नं.२ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ७ | जंगलको पानी गाउँमा पस्न बाट जोगाउनका लागी ड्याम उठाउने तथा पानी निकाशा को लागी नाला खन्ने कार्य | वडा नं.२ | कृषि तथा सिचाई | |
| रोजगारी सृजानमा जम्मा विनियोजित रकम रु ५,१९,३०० | | | | | |
| ३ | १ | वार्ड न. ३ मा रहेका शंकरपुर गाउका बिभिन्न स्थानमा ( लगभग ४ कि.मि. ) खाने पानी को नाली खन्ने र पुर्ने | वडा नं.३ | खाने पानी तथा सरसफाई | ९ जना |
| | २ | वार्ड न.३ मा रहेका सामुदायिक विद्यालयहरु (हिमालय माध्यमिक विद्यालय, केदारेश्वर,पशुपतिनाथ र पदमा आधारभूत विद्यालय ) को परिसर वरिपरी उम्रेका गौलर( भाडी) सरसफाई गर्ने कार्य | वडा नं.३ | शिक्षा युवा तथा खेलकुद | |
| | ३ | प्रताप टमट्टाको घर देखि गुलाब बलायरको घर सम्मको बाटोको दायाँ बायाँ नाली खन्ने कार्य | वडा नं.३ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ४ | वार्ड न. ३ मा रहेको मसानघाट सरसफाइ गर्ने कार्य | वडा नं.३ | बन तथा वातावरण | |
| | ५ | वार्ड न. ३ को बिभिन्न बाटाहरु को गौलर ( भाडी) सरसफाई गर्ने कार्य | वडा नं.३ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ६ | वार्ड न.३ को शंकरपुर गोपाल बि. क. को घर देखि पशु हाट बजार सम्म को पक्कि बाटो को किनारमा रहेका भाडी सरसफाई गर्ने कार्य | वडा नं.३ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ७ | वार्ड न. ३ शंकरपुर पिपल चौतारी देखि मान बहादुर वि.क. को घर सम्म को बाटोको दयाँ बायाँ किनारको नाली खन्ने कार्य | वडा नं.३ | सडक निर्माण तथा मर्मत सम्भार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ८ | वाडं न. ३ को विभिन्न झरन हरु खन्ने कार्य | वडा न.३ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ९ | वडा न. ३ को धिया मा रहेको सतमोहरी तालको स्तरउन्नती गर्ने | वडा न.३ | कृषि तथा सिचाइं | |

**रोजगारी सृजनामा जम्मा विनियोजित रकम रु ५,१९,३००**

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | १ | लोहरौली कुलोको मोहदा देखि पुछार सम्म कुलोको दायां बायां सडक निर्माण | वडा न.४ | उर्जा सिचाइं तथा नदि नियन्त्रण | ८जना |

**रोजगारी सृजनामा जम्मा विनियोजित रकम रु ४,६१,६००**

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | १ | लाल बहादुर रावल को घर देखि कर्मीडाडा सम्म नुक्लिपुरको बाटो सिमांकन, नुक्लिपुर | वडा न.५ | सडक निर्माण तथा मर्मत सम्भार | १०जना |
| | २ | शाहिपुर, कुमं बहादुर उपाध्यायको खेत देखि कुलोको ढिक हुदैं सिमेनी जाने बाटो सम्म नयां बाटो रेखांकन , शाहिपुर | वडा न.५ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ३ | टिकापुर पार्क सरसफाइं तथा व्यवस्थापन | वडा न.५ | पर्यटन प्रवद्धंन | |

**रोजगारी सृजानमा जम्मा विनियोजित रकम रु ५,७७,०००**

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | १ | वडा भित्रका विभिन्न बाटोहरु नक्सांकन | वडा नं.६ | सडक निर्माण तथा मर्मत सम्भार | १०जना |
| | २ | राष्ट्रिय माध्यमिक विद्यालय नारायणपुर र स्वास्थ्य चौकी कम्पाउण्ड भित्र को झाडी सरसफाइं | वडा नं.६ | शिक्षा युवा तथा खेलकूद | |
| | ३ | विपी निकुन्ज पार्क सरसफाइं र व्यवस्थापन | वडा नं.६ | पर्यटन प्रवद्धंन | |
| | ४ | खानेपानीको लाइन विस्तार | वडा नं.६ | खाने पानी तथा सरसफाइं | |
| | ५ | वडा भित्रका गल्लीहरुमा रहेका नरकट (झाडी) सरसफाइं | वडा नं.६ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ६ | वडा भित्र का बाटोहरु मर्मत सम्भार | वडा नं.६ | सडक निर्माण तथा मर्मत सम्भार | |

**रोजगारी सृजनामा जम्मा विनियोजित रकम रु ५,७७,०००**

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | १ | वडा नं. ७ का विभिन्न टोलहरुमा चलन चल्तीमा रहेका भरनहरुको सरसफाई तथा भरन निकास गर्ने | वडा नं.७ | कृषि तथा सिचाई | ११ जना |
| | २ | सत्ती बजारमा रहेका विभिन्न नालीहरु खन्ने तथा सरसफाई गर्ने | वडा नं.७ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ३ | पथरैया नदिको ड्याम उठाउने कार्य | वडा नं.७ | कृषि तथा सिचाई | |
| रोजगारी सृजनामा विनियोजित रकम रु ६,३४,७०० | | | | | |
| ८ | १ | कालीमाटीको गंगा सुनारको घर देखि खडक साउदको घर सम्म को बाटोमा माटो पटानी | वडा नं.८ | सडक निर्माण तथा मर्मत सम्भार | ५ जना |
| | २ | बटनपुर शिवलाल चौधरीको घर देखि कुलीराम चौधरीको घर हुदै भगवान थारुको घर सम्मको बाटोमा माटो पटानी | वडा नं.८ | सडक निर्माण तथा मर्मत सम्भार | |
| रोजगारी सृजनामा विनियोजित रकम रु २,८८,५०० | | | | | |
| ९ | १ | वडा नं. ९ को पायाल गाउंको नयां सडक निकाल्ने | वडा नं.९ | सडक निर्माण तथा मर्मत सम्भार | ९ जना |
| | २ | वडा नं. ९ को दयाराम चौधरी को खेत देखि गहनीबांभी अमरको घर सम्म नयां भरन खन्ने | वडा नं.९ | कृषि तथा सिचाई | |
| | ३ | भुङ्गा गाउको पानी निकास भरन तथा नाला सरसफाई गर्ने | वडा नं.९ | कृषि तथा सिचाई | |
| | ४ | सुर्यपुर जाने बाटोको कुलाको किनारमा माटो पटानी गर्ने | वडा नं.९ | सडक निर्माण तथा मर्मत सम्भार | |
| | ५ | बौनिया गाउंको पानी निकास भरन तथा नाला सफा गर्ने | वडा नं.९ | कृषि तथा सिचाई | |
| | ६ | टाडा गाउंको पानी निकास भरन सरसफाइ गर्ने | वडा नं.९ | कृषि तथा सिचाई | |
| | ७ | दुर्जनपुर सन्तु चौधरीको खेत देखि ठुलो भरन सम्म तल बाट भरण सफा गर्ने | वडा नं.९ | कृषि तथा सिचाई | |
| रोजगारी सृजनामा विनियोजित रकम रु ५,१९,३०० | | | | कुल रोजगारी संख्या :-१२९ जना | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १७ :- वेरोजगार सुची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ को बुदा ११ अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका को दफा २१ को उपदफा (४) बमोजिम यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत भएका वेरोजगार व्यक्तिको सुचि स्वीकृत गर्ने।

**वडागत विवरण**

| | वडा गत एकमुस्ट सुची | | | चालु आ.व ०७९/८० मा रोजगार प्राप्त गर्नेको संख्या |
|---|---|---|---|---|
| वडा नं | पुरुष | महिला | जम्मा | रोजगारी संख्या |
| १ | २२२ | ३९६ | ६१८ | ५८ |
| २ | ४० | ६० | १०० | ९ |
| ३ | २९ | ६९ | ९८ | ९ |
| ४ | ३८ | ४० | ७८ | ८ |
| ५ | ९८ | १७ | ११५ | १० |
| ६ | ३७ | ६६ | १०३ | १० |
| ७ | ३४ | ८४ | ११८ | ११ |
| ८ | २४ | २२ | ४६ | ५ |
| ९ | १८ | ८३ | १०१ | ९ |
| **जम्मा** | ५४० | ८३७ | १३७७ | १२९ |

निर्णय नं. १८ :- यस नगरपालिका क्षेत्र भित्र वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिका लागि पून : एकीकरण कार्यक्रम संचालन व्यवस्थापनका लागि लागत साझेदारीमा कार्यक्रम अगाडि वढाउने।

निर्णय नं. १९ :- प्रदेश सरकार अन्तगंत आ.व २०७९/०८० का लागि स्वीकृत कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्रभित्र संचालन/कार्यान्वयन गर्नुपर्ने देहायका योजनाहरुको स्थान तपसिल बमोजिम छनौट गर्ने।

तपसिल :

| क्र.सं | योजना तथा कार्यक्रमकार्यक्रम | कार्यान्वयनका लागि छनौट गरिएको स्थान | कैफियत |
|---|---|---|---|
| १. | टीकापुर १ सतही नाला निर्माण | टी.न.पा वडा नं. १ स्थित वसपार्क पश्चिम वल वहादुर कडायतको घर बाट कुल राज | भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

| | | भटराईको घर देखि खक्रौला रोड हुदै अरचरुवा भरन सम्म नाला निर्माण | |
|---|---|---|---|
| २. | टीकापुर रंगशाला निर्माण | टी.न.पा. वडा नं. ५ स्थित खेलकुद मैदान ( रंगशाला) | सामाजिक विकास मन्त्रालय अन्तर्गत |
| ३. | टीकापुर चिल्ड्रेन पार्क निर्माण टीकापुर १ | टी.न.पा वडा नं.१ स्थित नगरपालिका कार्यालय परिसर अगाडि रहेको चिल्ड्रेन पार्क | प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई कैलाली अन्तर्गत |

निर्णय नं.२० :- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ बमोजिम यस टीकापुर नगरपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन, (LISA) मा आ.व. २०७८/०७९ मा प्राप्त नतिजाको सम्वन्धमा छलफल गरियो साथै उक्त कार्यविधिको दफा ४ (ज) मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको आ.व. २०७८/०७९ मा प्राप्त तपसिलको नतिजा अनुमोदन गर्ने ।

तपसिल :

### आ.व. ०७८/०७९ मा प्राप्त अंकभारको विवरण

| क्र.सं. | स्वमूल्यांकन विषयगत क्षेत्र | प्राप्त अंकभार प्रतिशत |
|---|---|---|
| १. | शासकीय प्रवन्ध | ८८.८९ |
| २. | संगठन तथा प्रशासन | ५० |
| ३. | वार्षिक वजेट तथा योजना व्यवस्थापन | ६३.६४ |
| ४. | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ७२.७३ |
| ५. | सेवा प्रवाह | ८१.२५ |
| ६. | न्यायिक कार्य सम्पादन | ९२.८६ |
| ७. | भौतिक पूर्वाधार | ६५.३८ |
| ८. | सामाजिक समावेशीकरण | ७५ |
| ९. | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ५५.५६ |
| १०. | सहकार्य र समन्वय | ४१.६७ |
| जम्मा प्राप्तांक प्रतिशत | | ७० |

निर्णय नं.२१ :- वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिका लागि पून : एकीकरण कार्यक्रम लागत साझेदारीमा अगाडि वढाउने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २२.:- नगरपालिकाको राजश्व व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्न गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

क) आन्तरिक आय बन्दोबस्तीका लागि टी.न.पा वडा नं. १ स्थित टीकापुर पशु हाटबजारमा पशु चौपाया  खरिद बिक्रि सम्बन्धी बोलपत्र आह्वान गरिएकोमा नियमानुसार सम्झौता प्रक्रिया अगाडि बढाउने । पशु हाट बजार व्यवस्थापन समितिको हकमा प्रभावकारी तवरले नियमन गर्ने ।

ख) वडा नं. १ स्थित कृषि उपज हाट बजार स्थल (सिद्धार्थ होटलको पश्चिम पट्टि) को सघन अनुगमन गर्ने र  नियमानुसार करको दायरामा समेटने साथै वडा नं १ ब्लक नं.११ स्थित कृषि हाट बजार ( कर्णाली स्कुल नजिक रहेको ) र वडा नं. ७ स्थित सती हाट बजारको हकमा ठेक्का प्रक्रियामा जाने ।

ग) नगरपालिकाको आन्तरिक आयका लागि नगरपालिकाको स्वामित्वमा रहेका सपिङ्ग कम्पलेक्सहरुको भाडा बक्यौता रहेको तथा सम्झौता नविकरण नभएको सम्बन्धमा लागो समय देखि सम्झौता गर्न बाकि रहेकाहरुको हकमा शुरु कबोल अंकका आधारमा बाकि बक्यौता रकम बुझाउन १५ दिन समयावधि दिई सूचना प्रकासन गर्ने र उक्त समयावधि भित्र बक्यौता रकम बुझाउनेहरुको हकमा सम्झौता नविकरण गर्ने र नबुझाउनेहरुको हकमा  नियमानुसार नयाँ बोलपत्र आह्वान गर्ने ।

घ) सनकट्टी घाट ठेक्काको बक्यौता असुली सम्बन्धमा नियमानुसार जुनसुकै विधिबाट बक्यौता रकम असुल उपर गर्ने ।

ङ) सनकट्टी घाट, दौलतपुर घाट तथा रयाफटिङग व्यवसायको ठेक्का बन्दोबस्त सम्बन्धमा सघन अनुगमन गर्ने कानून विपरित संचालन भएको पाईएमा नियन्त्रणमा लिई आवश्यक कार्वाही प्रक्रिया अगाडि बढाउने ।

च) कर तथा गैर कर संकलन सम्बन्धि ऐन तथा राजस्व परामर्श समिति कार्यसञ्चालन कार्यविधि निर्माण कार्य अगाडि बढाउने ।

छ) पुरानो सपिगं कम्पलेक्स कोठाहरुको मर्मत सम्भार सम्बन्धमा लागत ईष्टिमेट तयार गरी कार्य अगाडि बढाउने

निर्णय नं २३ :- नगरपालिका अन्तर्गत रहेको टीकापुर बृहत उद्यान (बंगला पार्क) को डि.पी. आर. बमोजिम निर्माण कार्य अगाडि बढाउने ।

निर्णय नं.२४ :- यस नगरपालिकाबाट सम्पादन गरिने विकास निर्माण सम्बन्धी कार्यहरु र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम तोकिएको काम

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कर्तव्य र अधिकारलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि पदाधिकारीहरुलाई राय सल्लाह सुझाव प्रदान गर्न निशुल्क सेवा प्रदान गर्न विज्ञ रोष्टर तयार गर्ने ।

निर्णय नं. २५ :-प्रशासनिक पूर्नसंरचना पश्चात यस नगरपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन, २०७६ गरिएकोमा सान्दर्भिक नभएको र स्वीकृत नभएको हुँदा परिवर्तित सन्दर्भमा नगरपालिकाको भूमिकालाई प्रभावकारी बनाउन उपयुक्त संगठनात्मक संरचना, व्यवस्थापकीय पद्धति र जनशक्तिको प्रक्षेपण गर्नुपर्ने आवश्यकता महशुष गरिएको हुँदा यस नगरपालिकाको संगठन व्यवस्थापन अध्ययन/सर्वेक्षण सम्बन्धी कार्य चालु आर्थिक वर्ष भित्र समाप्त गर्ने गरी कार्य अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. २६ :- अत्यावस्यक सेवा अन्तर्गत रहेको नगरपालिका क्षेत्र भित्र उत्पादन हुने नियमित फोहर व्यवस्थापनका कार्यका लागि हाल मौजुदा जनशक्ति अप्रयाप्त भएको हुँदा तपसिल बमोजिम कूचिकारको व्यवस्थापन करार सेवामा गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

| नगरपालिका क्षेत्र भित्र उत्पादन हुने नियमित फोहर व्यवस्थापनका लागि रहेको स्वीकृत दरबन्दि अन्तर्गत मौजुदा जनशक्ति (कुचीकार) | | | थप गरिएको दरबन्दि संख्या | जम्मा कायम हुने संख्या | करार सेवाबाट पदपूर्तिका लागि विज्ञापन गर्नुपर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| स्वीकृत | पदपूर्ति | रिक्त | | | | |
| ६ | ४ | २ | ४ | १० | ६ | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

नवौं (९/२०७९-०८/०४) कार्यपालिका बैठकको निर्णय